बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर

प.सं.:- २०८३।०८४
च.नं.:-

सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०८३/०५/२६

शुभकामना सन्देश एवं स्थानीय विदा सम्वन्धी सूचना !!!

यही मिति २०८३ भाद्र २८ गते थारु समुदायमा विशेष महत्वका साथ मनाईने अटवारी र मिति २०८३ भाद्र २९ गते हिन्दु नारीहरुले विशेष महत्वका साथ मनाउने तिज २०८३ सालको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाई तथा दिदी वहिनी लगाएत सम्पूर्ण नगरवासीहरुमा सुख, शान्ति एवं समृद्धीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

वहुधर्म, वहु संस्कृती र वहुभाषा भएको हाम्रो देशमा यस्ता चाड पर्वहरुले सामाजिक एकता, धार्मिक सहिष्णुता, भातृत्वलाई कसिलो बनाउने गरेको छ । बेलौरी नगरपालिकाले हरेक जाती, वर्ग, क्षेत्र, धर्म र समुदायका चाडपर्वहरुलाई समान रुपमा प्राथमिकता दिदै आएको अवगत गराउन चाहान्छु । साथै अटवारी र तिजमा समाजमा प्रत्यक्ष नकारात्मक प्रभाव पर्ने क्रियाकलाप नगरी यस पर्वलाई सभ्य, भव्य तथा आर्थिक रुपमा मितव्यायी बनाउन समेत आग्रह गर्दछु । बेलौरी नगरपालिकाको मिति २०८२/१२/२३ गतेको नगर कार्यपालिकाको निर्णय अनुसार अटवारी पर्वको उपलक्ष्यमा थप एक दिन मिति २०८३ भाद्र २९ गते बेलौरी नगरपालिका क्षेत्र भित्र स्थानीय विदा दिएको व्यहोरा समेत सबैको जानकारीको लागि अनुरोध गर्दछु ।

जोगराम चौधरी
का.व.नगर प्रमुख